apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१




**रास्वपाको प्रथम महाधिवेशनः** वरिष्ठ नेता शाह र सभापति लामिछानेले सम्बोधन गर्ने

● वर्षः १२ ● अंकः १५४ ● पृष्ठः ४ ● ०७ असार २०८३ आइतबार (21 June 2026. Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

# सिरहा पुस्तकालयको ७१औं वार्षिकोत्सव सम्पन्न, डिजिटल रूपान्तरण र संरक्षणमा जोड

**अपन दैनिक संवाददाता**
**सिरहा, असार ०६ गते**




सिरहाको ऐतिहासिक तथा शैक्षिक धरोहरका रूपमा परिचित सिरहा पुस्तकालयले आफ्नो ७१औँ वार्षिकोत्सव विविध कार्यक्रमका साथ सम्पन्न गरेको छ। वि.स. २०१२ सालमा स्थापना भएको पुस्तकालयले वार्षिकोत्सवको अवसरमा वृक्षारोपण, सम्मान तथा डिजिटल सेवाको विस्तारसँग सम्बन्धित कार्यक्रम आयोजना गरेको हो।

कार्यक्रमअन्तर्गत गोलबजार नगरपालिका-३ स्थित पुस्तकालयको स्वामित्वमा रहेको जग्गामा २५ वटा आँपका बिरुवा रोपिएको छ। वृक्षारोपण कार्यक्रममा मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोज कुमार सिंह, गोलबजार नगरपालिकाका मेयर श्याम श्रेष्ठ लगायतको सहभागिता रहेको थियो।

वार्षिकोत्सवको अवसरमा पत्रकारिता क्षेत्रमार्फत समाजमा योगदान पुऱ्याउँदै आएका युवा पत्रकार सुरेश कुमार राय लाई नगद रु ५,१०० सहित सम्मान गरिएको छ। निष्पक्ष, उत्तरदायी र व्यावसायिक पत्रकारितालाई प्रोत्साहन गर्ने उद्देश्यले 'सक्रिय युवा पत्रकारिता पुरस्कार' प्रदान गरिएको सिरहा पुस्तकालयका अध्यक्ष सुरेन्द्र कुमार कामती ले जानकारी दिए।

यसैगरी पुस्तकालयलाई निःशुल्क पत्रिका उपलब्ध गराउँदै आएका स्थानीय सञ्चारकर्मी तथा प्रकाशकहरू अपन दैनिक का प्रकाशक/सम्पादक शुभ नारायण कामती, सीमा सन्देश दैनिकका बैजनाथ यादव र हुँकालोली दैनिक का बद्री नारायण यादवलाई कदरपत्र प्रदान गरिएको छ।

समारोहकै क्रममा सिरहा पुस्तकालयको आधिकारिक वेबसाइटको समेत अनावरण गरिएको छ। पुस्तकालयलाई आधुनिक प्रविधिसँग जोड्दै डिजिटल पहुँच विस्तार गर्ने उद्देश्यले वेबसाइट सञ्चालनमा ल्याइएको जनाइएको छ।

कार्यक्रममा प्रदेश सांसद संजय कुमार यादव, सिरहा नगरपालिकाका

बाँकी पृष्ठ ३ ▸▸

# मधेश सरकारद्वारा ११ महिनामा ३० अर्ब १७ करोड राजस्व संकलन

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार ०६ गते**




मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षको ११ महिनामा ३० अर्ब १७ करोड १४ लाख ७३ हजार राजश्व संकलन गरेको छ। प्रदेश सरकारको अर्थ मन्त्रालयका अनुसार चालु आवको हालसम्म आन्तरिक राजस्व संकलन चार अर्ब ५९ करोड ३३ लाख ८४ हजार रहेको छ।

प्रदेश सरकारको आन्तरिक राजश्व संकलनको मुख्य आयस्रोतका रूपमा घरजग्गा रजिष्ट्रेशन र सवारीसाधन कर मानिन्छ। सो अवधिमा घरजग्गा रजिष्ट्रेशनबाट एक अर्ब १८ करोड १२ लाख ९५ र सवारीसाधन करबाट दुई अर्ब एक करोड ५० लाख ५० हजार राजश्व संकलन भएको मधेश प्रदेश सरकारका अर्थ मन्त्रालयका सूचना अधिकारी अंशुकुमार झाले जानकारी दिए।

उनका अनुसार चालु आव २०८२/८३ मा सवारी चालक अनुमतिपत्र वितरण तथ सवारी दर्ता दस्तुरबाट ६८ करोड ८२ लाख ७० हजार, यातायात क्षेत्रको आम्दानीबाट रु ११ करोड १० लाख ५९ हजार, दहत्तर बहत्तरको बिक्रीबाट१० करोड नौ लाख ३५ हजार राजस्व संकलन भएको छ।

यस्तै, प्रदेश सरकारले बाँडफाँटबाट प्राप्त हुने मूल्य अभिवृद्धि करबापत सात अर्ब ७५ करोड ६४ लाख ९९ हजार, अन्तःशुल्क करबापत दुई अर्ब ७७ करोड ४१ लाख प्राप्त भएको मन्त्रालयले जनाएको छ।

त्यसैगरी, सङ्घीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानअन्तर्गत ११ महिनाको अवधिमा सात अर्ब छ करोड १६ लाख ७८ हजार, सशर्त अनुदान चालुतर्फ दुई अर्ब १७ करोड २७ लाख ७२ हजार, सशर्त पुँजीगततर्फ एक अर्ब ५६ करोड ३०

बाँकी पृष्ठ ४ ▸▸

# लहानमा खेतमा काम गर्ने क्रममा मजदुरको मृत्यु



**अपन दैनिक संवाददाता**
**सिरहा, असार ०६ गते**

सिरहाको लहान नगरपालिका-२४ मा खेतमा काम गर्ने क्रममा एक मजदुरको मृत्यु भएको छ। मृत्यु हुनेमा लहान नगरपालिका-१४ निवासी ५८ वर्षीय फागु सदा रहेका छन्।

जिल्ला प्रहरी कार्यालय सिरहाका निमित्त प्रवक्ता प्रहरी निरीक्षक नरेश लिम्बुका अनुसार शनिबार साँझ करिब ६:४५ बजे स्थानीय देवु

बाँकी पृष्ठ ४ ▸▸

# जनकपुरधाममा रामजानकी अन्तर्राष्ट्रिय रंगशाला बन्ने

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार ०६ गते**



मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण यादवले आगामी आर्थिक वर्षदेखि जनकपुरधाममा रामजानकी अन्तर्राष्ट्रिय बहुउद्देश्यीय रंगशालाको निर्माण कार्य सुरु हुने बताएका छन्।

मधेश खेलकुद परिषद्द्वारा जनकपुरधाममा आयोजित 'नेकोस कप' राष्ट्रिय महिला टी-२० क्रिकेट प्रतियोगिताको शनिबार उद्घाटन गर्दै मुख्यमन्त्री यादवले यस्तो जानकारी दिएका हुन्।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले मधेश सरकार रामजानकी अन्तर्राष्ट्रिय रंगशाला निर्माणको विषयमा गम्भीर रहेको बताए। उनका अनुसार आगामी आर्थिक वर्षमा २ सय ५६ करोड रुपैयाँको लागतमा रंगशालाको निर्माण कार्य सुरु गरिनेछ।

यस पटकको बजेटमा प्रदेश सरकारले क्रिकेट लगायत समग्र खेलकुद क्षेत्रको विकासका लागि विशेष योजनाहरू ल्याउन लागेको उनले स्पष्ट पारे। साथै, प्रदेशका आठवटै जिल्लामा रहेका खेलकुद मैदानहरूको स्तरोन्नति गर्ने प्रतिबद्धतासमेत उनले व्यक्त गरे।

सोही अवसरमा मधेश खेलकुद परिषद्का सदस्यसचिव शिवजी

बाँकी पृष्ठ ३ ▸▸

## गर्मी मौसममा सावधानी अपनाऔं, सुरक्षित बनौं

- प्रयाप्त मात्रामा सफा पानी, स्वच्छ खाना तथा तरल पदार्थ सेवन गरौं।
- अत्यधिक घाममा लामो समयसम्म नबसौं।
- चर्को घाममा बाहिर निस्कँदा छाता, टोपी र पातलो कपडा प्रयोग गरौं।
- जंकफूड, बासी, सडेगलेका तथा दूषित खानेकुरा नखाऔं।
- बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीको विशेष हेरचाह गरौं।
- तातो हावाका कारण लु का लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- घर तथा कार्यस्थललाई स्वच्छ, सफा र शितल राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड






अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

### निर्माणभन्दा माथि नागरिक सुरक्षा

सडक विकास, विस्तार र स्तरोन्नति कुनै पनि क्षेत्रको आर्थिक तथा सामाजिक प्रगतिका लागि आवश्यक पूर्वाधार हुन् । सडक फराकिलो हुँदा यातायात सहज हुन्छ, व्यापार-व्यवसाय विस्तार हुन्छ र नागरिकको जीवनस्तरमा सकारात्मक प्रभाव पर्छ। अहिले सिरहा जिल्लाका विभिन्न सडकमा निर्माण तथा स्तरोन्नतिको काम भइरहेको छ । माडरदेखि पदमपुरसम्म चारलेन सडक निर्माणको काम अघि बढिरहेको छ भने सिरहा बजार क्षेत्रमा पनि सडक फराकिलो बनाउने योजना कार्यान्वयनको चरणमा छ। यी योजनाहरू विकासका दृष्टिले महत्वपूर्ण भए पनि निर्माण कार्यका क्रममा नागरिक सुरक्षालाई गरिएको बेवास्ताले गम्भीर चिन्ता उत्पन्न गरेको छ।

सडक निर्माण वा मर्मत कार्य गर्दा नागरिकको सुरक्षालाई पहिलो प्राथमिकतामा राखिनुपर्छ। निर्माणस्थलमा आवश्यक घेराबार, चेतावनी बोर्ड, रातिको समयमा संकेत बत्ती, वैकल्पिक आवतजावतको व्यवस्था तथा जोखिमयुक्त क्षेत्रको स्पष्ट पहिचान जस्ता उपाय अनिवार्य मानिन्छन्। तर सिरहामा भइरहेका धेरैजसो सडक निर्माण कार्यमा यस्ता न्यूनतम सुरक्षा मापदण्डसमेत पालना गरिएको देखिँदैन । विशेषगरी सिरहा सदरमुकाम क्षेत्रमा सडक फराकिलो बनाउने क्रममा पुरानो ग्राभेल हटाएर ठाउँ-ठाउँमा खाल्डाखुल्डी छोडिएको छ। वर्षायाम सुरु भइसकेको अवस्थामा ती खाल्डाहरूमा पानी जमेको छ, जसले सडकको वास्तविक अवस्था लुकाउने र दुर्घटनाको सम्भावना बढाउने काम गरेको छ । पैदलयात्री, साइकल चालक, मोटरसाइकल प्रयोगकर्ता तथा सवारी चालक सबैका लागि यस्तो अवस्था जोखिमपूर्ण बनेको छ। बालबालिका, ज्येष्ठ नागरिक र दृष्टिविहीन व्यक्तिहरू झन् बढी जोखिममा परेका छन् ।

विकास निर्माणको नाममा नागरिकको ज्यान जोखिममा पार्ने छुट कसैलाई छैन । निर्माण कम्पनीहरूले कामको गति मात्र होइन, सुरक्षाको जिम्मेवारी पनि उत्तिकै गम्भीरतापूर्वक लिनुपर्छ । सडक डिभिजन कार्यालयले पनि आफ्नो जिम्मेवारीबाट पन्छिन मिल्दैन। ठेक्का सम्झौतामा उल्लेख गरिएका सुरक्षा प्रावधानको पालना भए-नभएको नियमित अनुगमन गर्नु सम्बन्धित निकायको दायित्व हो। यदि निर्माण कम्पनीले सुरक्षा मापदण्ड पालना नगरेको पाइएमा आवश्यक कारबाही र निर्देशन दिनुपर्छ । विकास आयोजना सफल हुनु भनेको केवल सडक बन्नु मात्र होइन, निर्माण अवधिभर नागरिक सुरक्षित रहनु पनि हो । सुरक्षा व्यवस्थाविनाको निर्माण कार्यले विकासप्रति नागरिकमा नकारात्मक धारणा पैदा गर्ने मात्र होइन, दुर्घटना भएमा अपूरणीय क्षति पनि निम्त्याउन सक्छ। त्यसैले सिरहामा सञ्चालनमा रहेका सबै सडक निर्माण आयोजनामा तत्काल आवश्यक सुरक्षाका उपाय अवलम्बन गरिनुपर्छ । निर्माणस्थलमा घेराबार, चेतावनी संकेत, जोखिमयुक्त क्षेत्रको स्पष्ट व्यवस्थापन तथा नियमित अनुगमनको व्यवस्था ढिलो नगरी लागू गरिनुपर्छ। नागरिकको जीवन र सुरक्षा कुनै पनि विकास योजनाभन्दा महत्वपूर्ण विषय हो। विकास र सुरक्षा सँगसँगै अघि बढ्दा मात्र निर्माण कार्यको वास्तविक उद्देश्य पूरा हुन्छ। सम्बन्धित निर्माण कम्पनी, सडक डिभिजन कार्यालय र स्थानीय प्रशासनले यस विषयलाई गम्भीरतापूर्वक लिएर तत्काल आवश्यक कदम चाल्नु अपरिहार्य छ।



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

### प्रथम महाधिवेशनसम्म पुग्न नपाउँदै गुट–उपगुटमा विभाजित

# कलहमा फस्यो रास्वपा मधेश




**मनिका झा**

प्रतिनिधिसभा निर्वाचनमा मधेशमा पहिलो पार्टी बनेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रथम महाधिवेशनसम्म पुग्न नपाउँदै आन्तरिक विवाद र गुट-उपगुटमा विभाजित भएको छ । जिल्ला र पालिकास्तरमा भएका अधिवेशनहरूमा कुटाकुट, झैझगडा र आन्तरिक कलहको अवस्था सिर्जना भएपछि प्रदेशका आठ जिल्लामध्ये सातवटामा अधिवेशन नै हुन सकेन । गत जेठ २६ गते रास्वपा केन्द्रीय निर्वाचन आयोगले सूचना जारी गर्दै मधेश प्रदेश अधिवेशनसम्बन्धी सम्पूर्ण गतिविधि स्थगित गऱ्यो।

आयोगका प्रमुख भुवन केसीद्वारा जारी सूचनामा 'पार्टी विधानको दफा ४१ तथा दफा ४९ बमोजिम केन्द्रीय निर्वाचन आयोगलाई प्राप्त अधिकार प्रयोग गरी मधेश प्रदेश अधिवेशनको निष्पक्ष, पारदर्शी, विश्वसनीय तथा विधिसम्मत सञ्चालन सुनिश्चित गर्न आवश्यक देखिएकाले मधेश प्रदेश अधिवेशनसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरू अर्को सूचना नभएसम्मका लागि स्थगित गरिएको छ' भनी उल्लेख गरिएको छ।

रास्वपाको मधेशमा पालिका र वडा अधिवेशनको क्रममा देखिएको विवादको प्रमुख कारण आन्तरिक कलह, पार्टीमा लागेकाहरूको अत्यधिक महत्वाकांक्षा र प्रतिनिधिसभा निर्वाचनको क्रममा शीर्ष नेताहरूबाट बाँडिएको आश्वासन नै रहेको रास्वपाकै नेताहरू बताउँछन् । अधिवेशनका लागि प्रतिनिधिहरूको प्रवेश गराउँदा यतिका दिनसम्म प्रक्रियागत रूपमा नगर्ने र अन्तिममा आएर रातारात अनलाइनमा इन्ट्री गर्ने परिपाटी देखिएकाले गुनासो बढेको प्रवक्ता मनिष झाको भनाइ छ । निर्वाचित एक जना भएका ठाउँमा नाम अर्कैको लेखिएको समेत पाइएको उनले बताए।

विधानअनुसार सम्बन्धित भूगोलमै गएर अधिवेशन गर्नुपर्ने भए पनि सहरतिर पार्टी प्यालेसहरूमा १० जनालाई बोलाएर गुपचुप रूपमा नेतृत्व छान्ने प्रयास भएको पाइएकाले गलत अभ्यास र प्रतिनिधित्वबाट जोगिन अहिलेलाई अधिवेशन होल्ड गर्ने निर्णयमा पुगिएको झाले प्रष्ट पारे। मधेशमा १ सय ३६ पालिकामध्ये ३० प्रतिशत जतिमा अधिवेशन सम्पन्न भइसकेको अवस्था रहेकाले यसलाई सकारात्मक नै लिएर अघि बढेको उनी बताउँछन्।

**कतै कुटाकुट त कतै विभागीय कारबाही**

रास्वपा अधिवेशनको क्रममा मधेशका अधिकांश पालिकाहरूमा झैझगडा नै भयो । मधेश प्रदेशको एकमात्र पर्सा जिल्लामा अधिवेशन सम्पन्न भए पनि त्यहाँ विवाद र कुटाकुटकै बीच निर्वाचन प्रक्रिया पूरा गरिएको थियो । पर्सामा क्षेत्र नम्बर १ का सांसदसमेत रहेका हरि पन्त सभापति निर्वाचित भएका हुन् । अधिवेशनको क्रममा पर्सा क्षेत्र नम्बर २ का सांसद सुशील साह र पन्तका समर्थकबीच कुटाकुट नै भएको थियो, यद्यपि चुनाव सम्पन्न गराइयो । पर्साका वीरगन्ज महानगरपालिका, सखुवा प्रसौनी, धोबिनी, जिराभवानी, पोखरिया र बहुदरमाई नगरपालिकामा अधिवेशन सम्पन्न भएको छ भने कालिकामाई र पकाहामैनपुर गाउँपालिकामा विवादका कारण तदर्थ समिति गठन गरिएको छ। त्यस्तै जगरनाथपुर, पटेर्वा सुगौली, ठोरी, बिन्ध्यवासिनी, छिपहरमाई र पर्सागढी नगरपालिकामा भने अधिवेशन हुन बाँकी नै छ।

सिरहामा अधिवेशनको क्रममा अधिवेशनस्थलमै झडप भयो । प्रतिनिधिसभा सदस्य रामसोगारथ यादवको नेतृत्वमा कार्यसमिति चयन गरेर घोषणा गर्न दबाब दिइएपछि त्यहाँ विवाद सुरु भएको थियो । पार्टीका सांसद पुरुषोत्तम यादव निकट पक्षले जिल्ला कार्यसमितिमा आफ्नो दबदबा बनाउनकै लागि नातेदार रामसोगारथ यादवको नेतृत्वमा कार्यसमिति गठन गराउन खोज्दा विरोध भएको वर्तमान सभापति हरिप्रसाद मैनाली समूहका नेता-कार्यकर्ताको भनाइ थियो।

सिरहामा सभापति पदका लागि मैनाली, रामसोगारथ र सुभाष यादवले दावेदारी गर्दा सहमति हुन नसकेपछि मतदान प्रक्रियामा जाने भनी उम्मेदवारीसमेत दर्ता भई अन्तिम नामावलीसमेत प्रकाशन भइसकेको थियो । तर, मतदानको तयारी चलिरहँदै सांसदहरूले मतदान होइन, सर्वसम्मतिका आधारमा कार्यसमिति छान्न दबाब दिएपछि विवाद बढेर झडपको रूप लियो । झडपको क्रममा पार्टीका दिनेश थापालगायतका व्यक्तिहरूमाथि हातपातसमेत गरिएको थियो। सिरहाका १७ स्थानीय तहमध्ये नवराजपुर, अर्नमा र भगवानपुर गाउँपालिकामा अधिवेशन हुन बाँकी छ।

सप्तरीका १८ वटा स्थानीय तहमध्ये राजविराज नगरपालिका र राजगढ गाउँपालिकामा मात्रै नगर अधिवेशन हुन बाँकी छ। यहाँ पनि निर्वाचनमा पुराना र नयाँ कार्यकर्ताको विवादले तनाव उत्पन्न गराएको थियो। रौतहटमा विवाद र झडपको बढ्दो अवस्था देखेपछि रास्वपा सांसदहरू राजेश चौधरी, रवीन्द्र पटेल, गणेश पौडेल र गजला समीम मिकरानीको आग्रहमा निर्वाचन रोकिएको थियो । रौतहटका १८ पालिकामध्ये गौर, फतुवा विजयपुर, कटहरिया, देवाही गोनाही, मौलापुर, राजपुर, राजदेवी र ईशनाथ नगरपालिकामा नगर अधिवेशन हुन बाँकी छ।

नगर अधिवेशनलाई लेकर पार्टीभित्रै किचलो बढेपछि धनुषाको पार्टी कार्यालयमा तालाबन्दी नै गरिएको थियो। धनुषाको गणेशमान चारनाथ नगरपालिकामा नगर अधिवेशनलाई लिएर गुटबन्दी सुरु भएपछि दुवै पक्षले छुट्टाछुट्टै अधिवेशन गरेर पदाधिकारी तोकेका थिए । पहिला एक पक्षले अधिवेशन गरेर प्रतीक नेपालसहितको समिति चयन गरेको थियो भने पछि अर्को पक्षले आफूसँग आधिकारिकता रहेको दाबी गर्दै छुट्टै अधिवेशन गऱ्यो। जेठ १७ गते सम्पन्न भएको अधिवेशनमा जिल्ला सभापति र निर्वाचन आयोगका सदस्यसमेत सहभागी भई राकेश यादवसहितको समिति गठन भयो।

यादवसहितको समितिको नाम रास्वपाको वेबसाइटमा अपलोडसमेत गरियो तर पछि जेठ २० गते वेबसाइटबाट उक्त समितिको नाम नै हटाइएपछि विवाद सिर्जना भयो। आफ्नो नाम वेबसाइटबाट हटाइएको भन्दै यादवसहितका पदाधिकारीहरूले पार्टी कार्यालयमा तालाबन्दी गरे । यादवले यस विषयमा केन्द्रीय समितिलाई जानकारीसमेत गराए तर जिल्लामै विवाद समाधान गर्न निर्देशन आयो। जिल्लामा पदाधिकारीहरू सम्पर्कमै नआएपछि विवाद जस्ताको तस्तै रह्यो।

पार्टी कार्यालयमा तालाबन्दी भएका कारण धनुषा जिल्ला अधिवेशन जनकपुरस्थित महेन्द्रनारायण निधि मिथिला सांस्कृतिक केन्द्रमा आयोजना गरियो । जिल्ला अधिवेशनकै दिन रास्वपा धनुषाका सभापति लक्ष्मेश्वर यादवलाई पार्टीको केन्द्रीय अनुशासन आयोगले निलम्बन गऱ्यो। आयोगका कार्यवाहक प्रमुख रमाकान्त रिमालद्वारा जारी गरिएको पत्रमा पार्टीको विधान, आचारसंहिता, निर्वाचन कार्यविधि र पदीय जिम्मेवारीमा रही कार्यसम्पादन गर्न नसकेकोले कार्यसमितिको सभापतिबाट पदमुक्त गरिएको कुरा उल्लेख छ । धनुषा कार्यसमितिमा सभापतिका आकांक्षीलाई अधिवेशनकै दिन पदबाट निलम्बन गरिएपछि विवाद चर्किएको थियो। रास्वपा धनुषामा सभापतिका लागि यादवसहित अम्बुप्रसाद साह र सरोजकुमार पूर्वेले पनि दाबी गरेका थिए । तर, अधिवेशन सुरु भएलगत्तै नेता-कार्यकर्ताहरू मञ्चमै पुगेर होहल्ला गरेपछि कार्यक्रम बिथोलिएको थियो।

रास्वपाको नगर सभापतिका आकांक्षी तथा जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठ पार्टीभित्र स्कुलिङकै अभाव भएको बताउँछन् । आलोकाँचो र राजनीतिज्ञभन्दा पनि गैरराजनीतिक व्यक्तिहरू हाबी हुँदा अमर्यादित व्यवहार बढेको र अधिकांशले विधिविधान नबुझेको उनको गुनासो छ । पार्टीको विधान, आदर्श र पुरानोभन्दा नयाँ खालको सोचलाई हेर्दै आफू यसमा प्रवेश गरे पनि यहाँ राजनीतिक सोच भएकाहरूलाई मानसम्मान नभएको र उल्टै चारित्रिक लाञ्छना लगाउने प्रवृत्ति भोग्नुपरेको उनले बताए। रास्वपाभित्र व्यापक सुधारको आवश्यकता रहेको र अन्यथा पार्टीका लागि यो राम्रो संकेत नभएको महासेठको भनाइ छ।

**नयाँ र पुराना कार्यकर्ता भन्दै झमेला**

परिवर्तनकारी शक्ति भनेर आफूलाई

बाँकी पृष्ठ ३ ▶▶

## आजको राशिफल

**मेष :** आर्थिक लेनदेन र खर्चको मामलामा अलि बढी चनाखो हुनुपर्ने देखिन्छ।

**बृष :** रोकिएका अधुरा कामहरू साथीभाइको सहयोगमा पुरा हुन सक्छन्।

**मिथुन :** आजको दिन रचनात्मक र बौद्धिक कार्यमा रुचि बढ्नेछ। नयाँ ज्ञान वा सीप सिक्ने अवसर मिल्न सक्छ।

**कर्कट :** मनमा केही चञ्चलता वा अस्थिरता बढ्न सक्छ, त्यसैले महत्त्वपूर्ण निर्णयहरू लिँदा हतार नगर्नुहोला।

**सिंह :** तपाईंको पराक्रम र आत्मविश्वासमा वृद्धि हुनेछ। छोटो दुरीको फलदायी यात्राको सम्भावना छ।

**कन्या :** आर्थिक रूपमा आजको दिन निकै बलियो देखिन्छ। पारिवारिक जमघटमा सहभागी हुने अवसर मिल्नेछ।

**तुला :** मानसिक रूपमा प्रसन्नता र शारीरिक रूपमा स्फूर्ति महसुस हुनेछ।

**वृश्चिक :** यस राशि भएका व्यक्तिहरूका लागि आज खर्चको मात्रा अलि बढ्न सक्छ।

**धनु :** आजको दिन आर्थिक लाभ र प्रगति दुवैका दृष्टिकोणले उत्तम छ।

**मकर :** कार्यक्षेत्र र करियरका लागि आजको दिन निकै महत्वपूर्ण र सकारात्मक रहनेछ।

**कुम्भ :** भाग्यले साथ दिनेछ। रोकिएका धार्मिक वा आध्यात्मिक कार्यहरूमा रुचि बढ्नेछ र तीर्थयात्राको योग पनि बन्न सक्छ।

**मीन :** आज स्वास्थ्यमा अलि बढी ध्यान दिनु आवश्यक छस मौसमका कारण केही शिथिलता महसुस हुन सक्छ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# सामाजिक उत्तरदायित्वका लागि विद्यार्थीले थाले साक्षरता अभियान

**अपन दैनिक संवाददाता**
**सिरहा, असार ०६ गते**




लहानस्थित संस्थागत क्याम्पसका विद्यार्थीले साक्षर मुलुक घोषणाका लागि राज्यले लिएको लक्ष्यलाई सघाउने उद्देश्यले सामाजिक उत्तरदात्विका लागि साक्षरता अभियान थालेका छन् । 'साक्षरता हाम्रो अभियान, उज्ज्वल भविष्य हाम्रो लक्ष्य' भन्ने नारासहित लहान नगरपालिका- ८ स्थित सलहेश क्याम्पसका विद्यार्थीले साक्षरता अभियान थालेका हुन् ।

क्याम्पसपरिसरमा शुक्रबार बिहान अभियानको थालनी गर्दै विद्यार्थी, शिक्षकहरूले हरेक नागरिकलाई साक्षर बनाउने राज्यको लक्ष्यअनुरूप गाउँबस्तीमा बस्ने निरक्षर नागरिकलाई साक्षर बनाउन आगामी करिब एक महिनासम्म आफूहरू परिचालन हुने बताए ।

क्याम्पस प्रमुख श्यामकुमार महतोले अभियानअन्तर्गत नगर क्षेत्रमा पर्ने विशेषगरी दलित, विपन्न र निरक्षर बस्ती छनोट गरी हरेक विद्यार्थीले कम्तीमा दुईजनालाई साक्षर बनाउन मिहिनेत गर्ने बताए । 'हरेक विद्यार्थीले निरक्षर व्यक्तिलाई कम्तीमा आफ्नो नाम लेख्न र हस्ताक्षर गर्न, एकदेखि १० सम्मको अंक लेख्न र चिन्न तथा मोबाइलको नम्बर चिन्न सक्ने बनाउनेछन्,' उनले भने ।

**'साक्षरताले सामाजिक विकासमा फड्को'**

अभियान थालनी कार्यक्रममा समाजसेवी दिलीपकुमार यादवले साक्षरताले व्यक्तिको जीवनमा ठुलो परिवर्तन ल्याउने उल्लेख गर्दै त्यसले सामाजिक विकासमा समेत फड्को मार्न सक्ने औंल्याए । 'आफ्नो परिवार, टोल, छिमेकसँगै सिंगो समाज साक्षर भएको खण्डमा त्यसले समाज विकासको गति पनि बढ्छ,' उनले भने 'तसर्थ, हरेक विद्यार्थीले आफ्नो जिम्मामा रहेका व्यक्तिलाई जसरी भए पनि साक्षर बनाउनैपर्छ, त्यसले व्यक्ति मात्र होइन, सिंगो समाजको विकासमा ठुलो योगदान पुर्‍याउँछ ।'

नेपाल पत्रकार महासंघ सिरहा शाखाका अध्यक्ष मनोज बनैता यादवले हरेक क्याम्पस, विद्यालय, सामाजिक संघसंस्था राज्यले लिएको नीति पूरा गर्न उत्तरदायी बन्नुपर्ने चर्चा गर्दै साक्षर हुनु भनेको अक्षर चिन्ने मात्र नभई चेतनाको विस्तारसमेत रहेको बताए । 'चेतना विस्तारसँग जोडिएको साक्षरता अभियानले गरिबी घटाउनसमेत सघाउँछ' उनले भने, 'लहान क्षेत्रको संस्थागत क्याम्पसले यो महान् काममा आफूलाई पनि जिम्मेवार बनाउनु सह्रानीय काम हो ।'

क्याम्पसका शिक्षक कुमार ढुंगानाले व्यक्ति स्वयंले समाजका लागि योगदान दिनुपर्ने उल्लेख गर्दै साक्षरता जीवन अगाडि बढाउने आधार रहेको बताए । 'व्यक्ति र समाजलाई साक्षर बनाउने जिम्मेवारी हाम्रो पनि हो,' उनले भने, 'हरेक क्षेत्रमा पछाडि रहेको मधेश प्रदेशमा त झन् अभियानको ठुलो महत्त्व छ जसले गाउँ, वडा, पालिका, जिल्ला हुँदै प्रदेशको अवस्था फेर्न ठुलो भूमिका खेल्न सक्छ ।' क्याम्पसका अनुसार विद्यार्थीहरू आफ्नो दैनिक कक्षाको पढाइ सकेर छनोट गरिएको बस्तीमा बिदाको दिनसमेत साक्षरता अभियान सञ्चालन गर्नेछन् ।

**अझै १३ जिल्ला साक्षर घोषणा हुन बाँकी**

नेपालमा पाँच वर्षमाथिको साक्षरतादर ७६.२ प्रतिशत र १५ देखि ६० वर्षसम्मको साक्षरता दर ८५ प्रतिशत रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार आर्थिक वर्ष ०७५/७६ को बजेट र कार्यक्रममा दुई वर्षभित्र नेपाललाई पूर्ण साक्षर घोषणा गर्ने कार्यक्रम ल्याइएको भए पनि अझै मधेश प्रदेशका आठसहित १३ जिल्ला पूर्ण साक्षर घोषणा हुन बाँकी छन् ।

अहिलेसम्म मधेश र कर्णाली प्रदेश साक्षर घोषणा हुन बाँकी रहेको जनाइएको छ । साक्षर घोषणा हुन बाँकी जिल्लाहरूमा मधेशका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा तथा कर्णालीका मुगु, जुम्ला, हुम्ला, कालीकोट, डोल्पा रहेको जनाइएको छ ।

# पर्सामा अवैध रूपमा काटिएको सालको काठ बरामद



**अपन दैनिक संवाददाता**
**पर्सा, असार ०६ गते**

सशस्त्र प्रहरी र वन कार्यालयको संयुक्त टोलीले पर्साको वीरगञ्ज महानगरपालिका-३२ टेढा क्षेत्रमा अवैध रूपमा जंगलबाट कटान गरी राखिएको सालको काठ बरामद गरेको छ ।

सशस्त्र प्रहरी सुरक्षा बेस बेल्वा तथा सब-डिभिजन वन कार्यालय सबैयाबाट खटिएको संयुक्त टोलीले शनिबार विशेष सूचनाका आधारमा अनुगमन गर्ने क्रममा बेवारिसे अवस्थामा राखिएको काठ फेला पारेको हो ।

टोलीले स्थानीय जगदीश माझीको घरनजिकबाट अन्दाजी १० क्युबिक फिट बराबरका दुई थान सालका गोलिया काठ बरामद गरेको जनाएको छ । त्यस्तै परसवा क्षेत्रबाट थप अन्दाजी ३० क्युबिक फिट सालको चिरान काठ समेत फेला परेको सशस्त्र प्रहरीले जनाएको छ ।

वन क्षेत्रबाट अवैध रूपमा कटान गरी संकलन गरेर राखिएको आशंकामा बरामद काठ अनुसन्धान तथा कारबाहीका लागि सब-डिभिजन वन कार्यालय सबैयामा बुझाइएको सशस्त्र प्रहरी बल नं. १३ गण हेडक्वार्टर पर्साका सूचना अधिकारी डीएसपी मोहनराज निरौलाले जानकारी दिए ।

## जनकपुरधाममा रामजानकी ............

यादवले प्रदेशका युवाहरूलाई खेलकुदमा जोड्दै यस क्षेत्रलाई व्यवसायीकरण गर्ने लक्ष्य रहेको बताए। खेलकुद क्षेत्रको विकासले नै राज्यको समृद्धिको आधार तयार गर्ने उल्लेख गर्दै उनले मधेशलाई 'खेलकुदमय प्रदेश' बनाउन परिषद् प्रतिबद्ध रहेको उल्लेख गरे ।

शनिबारदेखि सुरु भएको नेकोस कप राष्ट्रिय महिला टी-२० क्रिकेट प्रतियोगितामा मधेश, कोशी, वागमती, गण्डकी, लुम्बिनी, कर्णाली, सुदूरपश्चिम प्रदेश र एपीएफ गरी कुल आठ टोलीको सहभागिता रहेको छ । प्रतियोगिताका खेलहरू जनकपुरधाम र वीरगञ्जमा सञ्चालन हुनेछन् भने फाइनल खेल वीरगञ्जमा आयोजना गरिनेछ ।

## सिरहा पुस्तकालयको ७१औं वार्षिकोत्सव ..............

मेयर डा. नवीन कुमार यादव, जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी उपरीक्षक बासुदेव पाठक लगायतले पुस्तकालयको संरक्षण, व्यवस्थापन र डिजिटलाइजेसनका लागि आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै शिक्षा तथा संस्कृति मन्त्री सिंहले सिरहा पुस्तकालय देशका पुराना पुस्तकालयहरूमध्ये एक भएकाले यसको ऐतिहासिक महत्व उच्च रहेको बताए । उनले पुस्तकालयलाई प्रदेशस्तरीय शैक्षिक केन्द्रका रूपमा विकास गर्न आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

मन्त्री सिंहले मधेश प्रदेशको शैक्षिक स्तर अभिवृद्धिमा पुस्तकालयहरूको महत्वपूर्ण भूमिका रहने उल्लेख गर्दै प्रदेश सरकारले पुस्तकालय प्रवर्द्धन तथा आधुनिकीकरणका लागि आवश्यक नीति तथा कार्यक्रम ल्याउने तयारी गरिरहेको जानकारी दिए ।

वार्षिकोत्सव समारोहमा जनप्रतिनिधि, शिक्षाविद्, पत्रकार, समाजसेवी तथा विभिन्न क्षेत्रका व्यक्तित्वहरूको उल्लेख्य सहभागिता रहेको थियो । सिरहा पुस्तकालयले सात दशकभन्दा लामो इतिहास बोकेको संस्थाका रूपमा ज्ञान, अध्ययन तथा बौद्धिक गतिविधिको केन्द्रका रूपमा आफ्नो भूमिका निरन्तर विस्तार गर्दै आएको छ ।







## कलहमा फस्यो रास्वपा ............

प्रचारप्रसार गरेको रास्वपामा काठमाडौं महानगरका प्रमुख वालेन्द्र शाह (बालेन) को क्रेजका कारण नयाँ पुस्ताको आकर्षण र संस्थापक रूपमै पार्टीमा रहेका नेता-कार्यकर्ताहरूबीच तारतम्य मिल्न नसक्दा पनि विवाद र झमेला सिर्जना भएको नेताहरू बताउँछन् । रास्वपाका धनुषा सभापतिका प्रत्याशी अम्बुप्रसाद साह पार्टीमा नयाँ र पुराना भन्ने समस्या निकै बल्झिएको र प्रवेशको क्रम पनि निकै धेरै भएकाले व्यवस्थापनमा समस्या आएको स्वीकार गर्छन् । यसलाई समयमै व्यवस्थित नगरे आफ्नै लागि गाह्रो हुने उनको विश्लेषण छ ।

मधेश प्रदेशमा संस्थापक पक्षले हालिमुहाली लिन खोज्दा पनि विवाद सिर्जना भएको भन्दै पार्टीभित्रैबाट गुनासोहरू पोखिएका छन् । अन्य पार्टीबाट आएकाहरू पछिल्लो विजयलाई हेर्दै थप महवाकांक्षी बन्न खोज्दासमेत समस्या सिर्जना भएको विश्लेषण गरिएको छ । त्यसैगरी, अधिकांश जिल्ला सभापतिहरू एकै जातीय संरचनाबाट आउने भएकाले उनीहरूले जातिवादी गुटबन्दी बनाउन खोजेको र त्यसलाई केही मधेशवादी दलका नाइकेहरूले चलाउन खोजेकाले समेत विवाद सिर्जना भएको भन्दै हालै पार्टीका सभापति रवि लामिछानेलाई मधेशबाट प्रतिनिधित्व गर्ने रास्वपा नेताहरूले जानकारीसमेत गराएका छन् । रास्वपाका प्रदेश सभापति तपेश्वर यादवले एउटै जातीय समूहलाई र आफ्ना नजिकका व्यक्तिहरूलाई जिल्लाहरूमा थुपार्न खोजेकाले पनि अधिवेशन प्रभावित भएको भन्दै केन्द्रीय समितिलाई गुनासोपत्र समेत पठाइएको छ । यस विषयमा यादवसँग सम्पर्क गर्न खोज्दा उनी सम्पर्कमा आएनन् ।

रास्वपाका केन्द्रीय कृषि विभाग सदस्य तथा महाधिवेशन प्रतिनिधि पंकज महतो यो नयाँ पार्टी भएकाले प्रथम केन्द्रीय महाधिवेशनमा जानुअघि तल्लो तहको अधिवेशन सकाउनुपर्ने र आन्तरिक प्रतिस्पर्धा गर्नुपर्ने जस्ता विषयमा अधिकांश नेता-कार्यकर्ताहरूमा अनभिज्ञता देखिएको बताउँछन् । यहाँ खासै गुट-उपगुट नभए पनि प्रशिक्षणको अभाव भने रहेको उनको भनाइ छ । स्थापनाकालदेखि नै पार्टीमा बसेकाहरूको पनि आफ्नै स्वार्थ रहेको र उनीहरूले नयाँलाई स्थान दिन नखोजेको तथा कतै आफूहरूलाई निकालेर फालिने हो कि भन्ने डरका कारण यावत् समस्याहरू देखिए पनि सिक्दै अघि बढ्ने महतोले बताए ।

**मधेशका लागि महाधिवेशनमा छुट्टै व्यवस्था**

रास्वपाको प्रथम महाधिवेशनमा मधेश प्रदेशका प्रतिनिधिहरूको लागि छुट्टै व्यवस्था गरिएको छ । पार्टीले महाधिवेशनमा प्रतिनिधित्वका लागि विशेष व्यवस्थासम्बन्धी कार्यविधि नै सार्वजनिक गरेको छ । संगठन सुदृढीकरण र महाधिवेशनलाई समावेशी बनाउनका लागि यस्तो व्यवस्था गरिएको रास्वपाको निर्वाचन समितिले जनाएको छ । नयाँ व्यवस्था अनुसार प्रदेश र विभागहरू, जिल्ला र निर्वाचन क्षेत्र तथा पालिका स्तरका लागि पनि प्रतिनिधि छनोटको मापदण्ड निर्धारण भएको छ । केन्द्रीय संगठन विभागका उपप्रमुख बोधनारायण श्रेष्ठले संगठन सुदृढीकरण र महाधिवेशनलाई समावेशी बनाउन यस्तो व्यवस्था गरिएको जनाएका छन् ।

महाधिवेशनबाट चयन हुने नेतृत्वमा मधेशीको समेत सहभागिता गराउन पार्टीले विशेष व्यवस्था गरेको छ । बारा जिल्ला समिति विघटन भएको हुनाले त्यहाँबाट हाललाई महाधिवेशनमा प्रतिनिधित्व हुन नसक्ने जानकारी दिइएको छ । तर, पार्टी सचिवालयले विशेष निर्णय गरेमा सोहीअनुसार हुने समेत बताइएको छ । केन्द्रीय पोर्टलमा दर्ता भएका सबै प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरू स्वत: महाधिवेशन प्रतिनिधि हुने जनाइएको छ । प्रदेश अनुशासन, लेखा र निर्वाचन आयोगका पदाधिकारीहरू पनि प्रतिनिधि हुनेछन् । प्रदेश विभागहरूबाट प्रमुख, उपप्रमुख र सचिवले प्रतिनिधित्व गर्न पाउने व्यवस्था छ । प्रदेश र काठमाडौं सम्पर्क विभागबाट प्रमुखसहित तीन जना (एक जना महिला अनिवार्य) प्रतिनिधि रहने जनाइएको छ ।

त्यसैगरी, निर्वाचन हुन नसकेका जिल्लाहरूबाट जिल्ला सभापतिसहित तीन जना सदस्य प्रतिनिधि छानिनेछन् । महिला नभएको खण्डमा दोहोरो प्रतिनिधित्व नगरी दुई जनाले मात्र महाधिवेशनमा सहभागिता जनाउन पाउनेछन् । निर्वाचन क्षेत्रको हकमा क्षेत्र खारेज नभएको भए एक जना संयोजक सहभागी हुन पाउनेछन् । तर, धनुषा जिल्लामा सभापति नै निलम्बित रहेकाले त्यसबारे नयाँ कार्यविधिमा केही उल्लेख गरिएको छैन ।

त्यसैगरी, निर्वाचन सम्पन्न नभएका तदर्थ समिति भएका पालिकाहरूबाट पनि एक जना सभापति सहभागी हुन पाउने व्यवस्था गरिएको छ तर प्रतिनिधि पठाउने व्यवस्था राखिएको छैन । सदस्य संख्याका आधारमा पालिकाबाट थप प्रतिनिधि छनोटको व्यवस्था गरिएको छ । यसअनुसार दुई सय भन्दा बढी सदस्य भएको गाउँपालिकाबाट एक जना, ४ सय १ भन्दा बढी सदस्य भएको नगरपालिकाबाट दुई जना, ५ सय १ भन्दा बढी सदस्य भएको उपमहानगरपालिकाबाट तीन जना र ७ सय १ भन्दा बढी सदस्य भएको महानगरपालिकाबाट चार जना प्रतिनिधि रहने व्यवस्था गरिएको छ ।

मधेश प्रदेशबाट रास्वपाले प्रतिनिधिसभाको चुनावमा ३२ मध्ये ३० सिट जितेको थियो । समानुपातिकतर्फ पनि भारी मत पाएको रास्वपा अहिले जिल्लाको नेतृत्व चयनमा भने विवादित बनेको हो ।

# गर्मीले मधेशको जनजीवन प्रभावित: बिरामी बढे, मजदुर वर्ग मारमा





**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार ०६ गते**

मधेश प्रदेशमा केही दिन यता अत्यधिक गर्मीले जनजीवन कष्टकर बन्दै गएको छ। मधेश प्रदेशका अधिकांश जिल्लामा तापक्रम ३५ डिग्री सेल्सियसभन्दा माथि पुगेपछि सर्वसाधारणलाई घरबाहिर निस्कनसमेत कठिन हुन थालेको छ।

चर्को घाम र तातो हावाले दैनिक जीवन प्रभावित हुँदा सबैभन्दा बढी असर दैनिक ज्यालादारी गरेर जीवन निर्वाह गर्ने मजदुर, किसान, सवारी चालक, ठेला व्यवसायी तथा साना व्यापारीहरूमा परेको छ।

गर्मी बढेसँगै बजार क्षेत्रमा चहलपहल घटेको छ भने विद्यालय, स्वास्थ्य संस्था तथा सरकारी कार्यालयहरूमा समेत यसको प्रभाव देखिन थालेको छ। दिउँसोको समयमा सडकहरू सुनसान देखिन थालेका छन्। अत्यधिक गर्मीका कारण लु लाग्ने, टाउको दुख्ने, शरीरमा पानीको कमी हुने, झाडापखाला, ज्वरो तथा अन्य गर्मीजन्य रोगका बिरामीको सङ्ख्या बढ्दै गएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

गर्मी बढेसँगै सर्पदंशका घटना पनि बढ्न थालेको छ। प्रादेशिक अस्पताल जनकपुरधाममा दैनिक चारदेखि पाँच जनासम्म सर्पदंशका बिरामी उपचारका लागि आउने गरेको अस्पताल स्रोतले जनाएको छ। गाउँघरमा गर्मी बढेसँगै सर्पको जोखिमसमेत बढेको नगराइन नगरपालिका ५ काली मण्डलले बताए।

मधेश प्रदेश स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार जनकपुर, वीरगञ्ज, जलेश्वर, राजविराज तथा सिरहालगायतका अस्पतालहरूमा बिरामीको चाप बढेको छ। विशेषगरी ज्वरो, टाउको दुख्ने, झाडापखाला, रिंगटा लाग्ने तथा सर्पदंशका बिरामीको सङ्ख्या बढ्दै गएको मन्त्रालयले जनाएको छ।

चर्को गर्मीका कारण सबैभन्दा बढी समस्यामा दैनिक श्रम गरेर परिवार पाल्ने वर्ग परेको छ। तापक्रम उच्च हुँदा पनि उनीहरू काम गर्न बाध्य छन्। काम नगरे आम्दानी रोकिने र परिवारको गुजारा चलाउन समस्या हुने भएकाले उनीहरूमा जोखिम बढ्दै गएको छ।

जनकपुरधाम उपमहानगरपालिका -४ स्थित जिल्ला अदालत अगाडि सानो पसल सञ्चालन गर्दै आएकी ६० वर्षीया गीतादेवीले गर्मीका बाबजुद काम नगरी छाक टार्ने विकल्प नभएको बताइन्। उनले भनिन्, 'घाम निकै चर्को हुन्छ, तर व्यापार नगरे खान समस्या हुन्छ। छोराछोरीको सहारा छैन, आफैं काम गर्नुपर्छ। नगरपालिकाले कहिले पेटीबाट हटाइदिन्छ भन्ने डर पनि छ। एउटा राम्रो छानासमेत छैन। दिनभर पसिनाले भिजिएर बस्नुपरेको छ।'

जनकपुरधाम-६ का हरिदेव राउत हार्डवेयर पसलमा सिमेन्टको बोरा बोक्ने काम गर्छन्। उनले भने, 'यो गर्मीमा काम गर्नु हाम्रो रहर होइन, तर काम नगरे परिवार पाल्न सकिँदैन। एक दिन काममा नआए साहुले अर्को मानिस राख्ने डर हुन्छ। त्यसैले जति गर्मी भए पनि काम गर्नैपर्छ।'

ठेला चालक, कुली तथा फुटपाथ व्यवसायीहरूले पनि यस्तै समस्या भोगिरहेका छन्।

गर्मी बढेसँगै विद्युत् खपतसमेत बढेको छ। जसका कारण कतिपय स्थानमा विद्युत् आपूर्तिमा समस्या देखिएको स्थानीयवासी बताउँछन्। बारम्बार विद्युत् अवरुद्ध हुँदा सर्वसाधारण थप समस्यामा परेका छन्।

मधेश प्रदेश स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा. मुक्तिनारायण साहले गर्मीमा रिंगटा लाग्ने, झाडापखाला, शरीरमा पानीको कमी हुने तथा सर्पदंशका बिरामी बढेको भन्दै सचेत रहन आग्रह गरेका छन्। अस्पतालहरूमा उपचार व्यवस्थापनलाई थप प्रभावकारी बनाउन मन्त्रालयले सबै अस्पतालसँग समन्वय गरिरहेको उनले बताए।

मन्त्रालयले सर्वसाधारणलाई अत्यावश्यक कामबाहेक दिउँसोको समयमा घरबाहिर ननिस्किन, पर्याप्त पानी पिउन, छाता वा टोपीको प्रयोग गर्न तथा बालबालिका र ज्येष्ठ नागरिकको विशेष हेरचाह गर्न आग्रह गरेको साहले जानकारी दिए।

यता वातावरणविद् अजित श्रीवास्तवले जलवायु परिवर्तनका कारण मधेशमा गर्मीको प्रभाव बर्सेनि बढ्दै गएको बताए।

उनले भने, 'रुख रोप्ने काम त भइरहेको छ, तर संरक्षणमा ध्यान पुगेको छैन। एउटा बिरुवालाई कम्तीमा पाँच वर्षसम्म संरक्षण गर्न सकेमात्र त्यसको वास्तविक लाभ पाइन्छ। मधेशका धेरै पोखरी तथा जलस्रोतको उचित व्यवस्थापन हुन सके तापक्रम सन्तुलनमा मद्दत पुग्छ।'

श्रीवास्तवले चुरे क्षेत्रको संरक्षण, गाउँगाउँमा हरियाली विस्तार तथा प्राकृतिक स्रोतको संरक्षणमा जोड दिनुपर्ने बताए।

# रास्वपाको प्रथम महाधिवेशन: वरिष्ठ नेता शाह र सभापति लामिछानेले सम्बोधन गर्ने



**अपन दैनिक संवाददाता**
**चितवन, असार ०६ गते**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को ऐतिहासिक प्रथम राष्ट्रिय महाधिवेशन असार ७ गते आइतबारदेखि चितवनको भरतपुरमा सुरु हुँदैछ। तीन दिनसम्म चल्ने उक्त महाधिवेशनको सम्पूर्ण तयारी पुरा भइसकेको पार्टीले जनाएको छ।

महाधिवेशनको भव्य उद्घाटन सत्र आइतबार दिउँसो २ बजे भरतपुर महानगरपालिका-१० स्थित गेस्टहाउस चौरमा विशेष समारोहका बीच हुनेछ। उद्घाटन समारोहका लागि जर्मन प्रविधिमा आधारित अत्याधुनिक वाटरप्रुफ डोम निर्माण गरिएको छ। उद्घाटन सत्र सकिएपछि महाधिवेशनको बाँकी बन्दसत्र भने चितवन उद्योग संघको औद्योगिक प्रदर्शनी केन्द्रमा सञ्चालन गरिनेछ।

महाधिवेशनमा भाग लिन पार्टी सभापति रवि लामिछानेसहितका केन्द्रीय नेताहरू, प्रतिनिधि तथा पर्यवेक्षकहरू चितवन आइसकेका छन्। यस्तै, प्रधानमन्त्री एवं पार्टीका वरिष्ठ नेता वालेन्द्र (बालेन) शाह आइतबार नै चितवन आउने कार्यक्रम रहेको छ। उद्घाटन सत्रलाई प्रधानमन्त्री शाह र सभापति लामिछाने दुवैले विशेष सम्बोधन गर्ने कार्यतालिका रहेको छ।

असार ९ गतेसम्म चल्ने यस महाधिवेशनले रास्वपाको नयाँ नेतृत्व चयन गर्नेछ। महाधिवेशनमा केन्द्रीय समितिको आकार १३१ सदस्यीयबाट बढाएर १५१ वा १५८ सदस्यीय बनाउने गरी विधान संशोधनको प्रस्ताव समेत लैजाने तयारी गरिएको छ।

पार्टीको केन्द्रीय निर्वाचन आयोगले महाधिवेशनलाई मर्यादित बनाउन विशेष निर्वाचन आचारसंहिता, २०८३ जारी गर्दै आकांक्षीहरूलाई प्यानल बनाएर चुनाव लड्न निषेध गरेको छ।

सम्भावित निर्वाचनका लागि ई-भोटिङ मेसिनको समेत व्यवस्था गरिएको भए पनि मुख्य पदहरूमा सर्वसम्मतिकै आधारमा नेतृत्व चयन गर्ने प्रयास भइरहेको राष्ट्रिय स्वतन्त्र पार्टीले जनाएको छ।

# चुरे बस्तीमा बाघ आतङ्क

**अपन दैनिक संवाददाता**
**महोत्तरी, असार ०६ गते**

महोत्तरीको चुरेकाछका बस्तीमा बाघको आतङ्क बढेको छ। जिल्लाको पूरै चुरे क्षेत्र ओगटेको बर्दिबास नगर क्षेत्रका काछ बस्तीमा पछिल्लो साता बाघको आतङ्क बढेको हो।

गत आइतबार बर्दिबास-५ टुटेश्वर सिरानको वरडाँडा बस्तीमा राति गोठ पसेर घरपालुवा पशुबस्तु मारेको बाघ अहिले नगरको पूर्वी काछ बस्तीमा आइपुगेको छ। गोठ पसेर गाईगोरु, बोका, बाख्रा र सुँगुर मार्ने वन्यजन्तु पाटे बाघ भएको शुक्रबार राति पहिचान भएको छ।

"लगातार चार दिनदेखि बर्दिबास-३ को रातु नदीको पश्चिमतिरको पाटु डाँडामा राति बोका, बाख्रा र सुँगुर मारेको थियो, कुन जन्तु हो एकिन भएको थिएन", बर्दिबास-३ का वडाध्यक्ष विराट विष्टले भने, "शुक्रबार राति भने पहरा दिएर बसेका गाउँलेले



सानो बच्चा (डमरु) सहित पाटेबाघ देखेका हुन्।" राँको बालेर टिन ठटाएपछि बाघ घना जङ्गलभित्र पसेको पाटुकै बासिन्दा कारेभोगटे सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष रमेश पौडेल खत्रीले बताए।

"हाम्रो बस्तीमा बुधबार रातिदेखि लगातार सुँगुर, बोका र बाख्रा खोरबाटै थुतेर मारेको थियो, कहिले मार्यो चिनिएको थिएन", खत्रीले भने, "हिजो शुक्रबार साँझैदेखि पहरा दिएर बस्यौं, बच्चासहितको पाटे बाघ देखियो।" शुक्रबार राति बाघ जङ्गल पसेपनि स्थानीय आतङ्कित भएका छन्।

बाघले बुधबार राति पाटु डाँडाका कृष्णबहादुर मगरको सुँगुरको चार/पाँच धार्नीको पाठो र बिहीबार राति रुपमायाँ खड्काको आठ/नौ धार्नीको बोका र गर्भिणी बाख्रा खोरबाटै थुतेर लगेर मारेको थियो।

यसअघि करिब १५ किलोमिटर पश्चिमको बर्दिबास-५ वरडाँडामा बाघले साताको प्रारम्भमा सो बस्तीका प्रेमबहादुर थिङ्गो लैनो गाई र वृजबहादुर थिङ्गो बाछो मारेको थियो।

वरडाँडाका बासिन्दाले पनि मङ्गलबार राति राँको बालेर होहल्ला गरेपछि बाघ पूर्व लागेको थियो। बाघको आतङ्क बढेपछि बस्ती वरपर खेतबारी हिँडडुलमा पनि डर भएको पाटुकै बासिन्दा ओमबहादुर खड्का बताउँछन्। अहिले चुरे काछका बासिन्दाहरु बाघ बस्ती पस्न नदिन वनसम्बन्ध अधिकारीसँग गुहार लगाइ रहेका छन्।

यसैबिच, चुरे क्षेत्रका सामुदायिक वन उपभोक्ता समिति र वनसम्बद्ध यस क्षेत्रका कार्यालयले साँझपख हिँडडुल नगर्न, बस्ती वरपर चनाखो भएर रहन र घरपालुवा पशुबस्तु खोर वा गोठमा बन्दिलो गरी सुरक्षित राख्न अपिल गरेका छन्।

## लहानमा खेतमा काम गर्ने क्रममा .............

यादवको खेतबारीमा एक व्यक्ति मृत अवस्थामा रहेको सूचना प्राप्त भएपछि प्रहरी टोली घटनास्थल पुगेको थियो।

प्रहरीले घटनास्थलमा पुगेर गरेको प्रारम्भिक अनुसन्धानबाट फागु सदा खेतमा काम गरिरहेका बेला अचानक लडेको खुलेको जनाएको छ। लडेपछि घटनास्थलमै उनको मृत्यु भएको प्रारम्भिक अनुसन्धानबाट देखिएको प्रहरीको भनाइ छ।

प्रहरीका अनुसार मृतक छारे रोग (एपिलेप्सी) का बिरामी रहेको प्रारम्भिक रूपमा खुलेको छ। यद्यपि मृत्युको वास्तविक कारण पोस्टमार्टम रिपोर्ट र थप अनुसन्धानपछि मात्र यकिन हुने जनाइएको छ।

घटनापछि प्रहरीले घटनास्थल सुरक्षित राखी आवश्यक कानुनी प्रक्रिया अघि बढाएको छ। शवलाई पोस्टमार्टमका लागि पठाइएको तथा घटनाबारे थप अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

## मधेश सरकारद्वारा ११ महिनामा .............

लाख ४० हजार प्राप्त भएको सूचना अधिकारी झाले बताए।

आर्थिक तरलताका कारण घरजग्गा तथा नयाँ सवारीसाधन खरिद बिक्री कारोबारमा आएको कमी, गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा प्रदेश सरकारको राजस्व संकलन गर्ने विभिन्न निकायमा पुगेको क्षतिलगायत कारणले अपेक्षाकृत राजस्व संकलन हुन नसकेको उनको भनाइ छ।


**अपन दैनिक पत्रिका**

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, मधेश प्रदेश सिरहा नेपाल



**बिजुलीको सुरक्षित प्रयोग गरौं।**

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं।
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं।
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं।
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं।
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं।
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं।
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं।

सावधानी अपनाऔं, सुरक्षित रहौं।

गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, गोलबजार
मधेश प्रदेश, सिरहा (नेपाल)



**सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं।
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं।
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं।
- पर्व-उत्सवहरू मिलेर मनाऔं।
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं।
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं।
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं।

विविधतामा एकता भन्ने भावना विकास गरौं।

विष्णुपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर
मधेश प्रदेश, सिरहा (नेपाल)